Date
Page No.

नाम: भैगलाल गौतम
ठेगाना: सानिभेरी गाउपालिका-८ रुकुम(पश्चिम)
क्याम्पस: रुकुमेली क्याम्पस मुसिकोट-१
रुकुम (पश्चिम)
लेभल (Level): BBS प्रथम वर्ष

निबन्ध प्रतियोगिता

शिर्षक: सूचना प्रविधिको युगमा डिजिटल साक्षरता

Date
Page No.

प्रस्तावना

आजको एक्काइसौं सताब्दी 'सूचना र प्रविधिको स्वर्ण युग हो'। मानव सभ्यताको विकास क्रममा आगोको आविष्कार देखि औद्योगिक क्रान्ति सम्मका घटनाहरूले संसारलाई बदल्दै आयता पनि सूचना प्रविधिले ल्याएको क्रान्ति सबभन्दा तिब्र र प्रभावकारी साबित भएको छ। आजको विश्व एक ग्लोबल ग्लोबल भिलेज अर्थात विश्वव्यापी गाउँमा परिणत भएको छ। जहाँ भौगोलिक दुरी अर्थहीन बनेको छ। आज मानिसको दैनिकि बिहान उठ्दा देखि राति नसुत्दा सम्म कुनै न कुनै डिजिटल उपकरण इन्टरनेटसंग जोडियको छ। आजको समयमा डिजिटल साक्षरता एक अनिवार्य आवश्यकता बनेको छ। जसरी बिगतमा पढ्न र लेख्न जान्नेलाइ मात्र साक्षरता जानिन्थ्यो भने आजको समयमा डिजिटल साक्षरता एक अनिवार्य आवश्यकता बनेको छ। जसरी बिगतमा पढ्न र लेख्न जान्नेलाइ साक्षर मानिन्थ्यो भने आजको युगमा प्रविधीलाइ बुझ्न चलाउन र यसको सहि सदुपयोग गर्न सक्ने क्षमता नै वास्तविक साक्षरता हो। प्रविधिको यो महासागरमा सुरक्षित र प्रभावकारी ढङ्गले पौडी खेल्न जान्नु अर्थात डिजिटल रुपमा साक्षर बन्नु आजको आवश्यकता बनेको छ।

डिजिटल साक्षरताको अवधारणा, आवश्यकता र सान्दर्भिकता र महत्व

डिजिटल साक्षरता भन्नाले डिजिटल उपकरणहरु (कम्प्युटर, स्मार्टफोन, इन्टरनेट) को प्रयोग गरि सूचना खोज्ने, मूल्याङ्कन गर्ने, सिर्जना गर्ने र सञ्चार गर्ने क्षमतालाई बुझिन्छ। यो केवल बटन थिच्नु भिडीयो हेर्नु भिडियो कल गर्नु फेसबुक टिकटक चलाउनु मात्र होइन, प्राप्त सूचनाको सत्यता जाँच्न सक्नु, अनलाइन सुरक्षाका उपाय अपनाउनु र डिजिटल नैतिकताको पालना गर्नु पनि हो। यसमा प्राविधिक सिपका साथै आलोचनात्मक चेत र नैतिक आचारणको बारेमा जान्नु उत्तिकै भूमिका रहन्छ।

आज शिक्षा स्वास्थ्य, बैंकिङ, सरकारि सेवाहरु व्यापार व्यवसाय प्रायः सबै क्षेत्रमा अनलाइन भइरहेका छन्। नेपालको सन्दर्भमा लोकसेवाका फारम भर्ने देखी बिजुलीको बिल तिर्ने सम्मका कार्य डिजिटल माध्यमबाट हुन थालेका छन्। ~~यस्तो मलाई~~ यस्तो अवस्थाबाट डिजिटल रुपमा साक्षर नहुनु भनेको अवसरहरुबाट वञ्चित हुनु हो। प्रविधिको युगमा बाँच्न र प्रतिस्पर्धा गर्नका लागी डिजिटल रुपमा साक्षर बन्नु अनिवार्य आवश्यकता

बनेको छ। डिजिटल साक्षरताले सुरक्षित रहन नयाँ कुरा सिक्न र सूचनालाई सहि प्रयोग गर्न सिकाउछ। डिजिटल साक्षरता हामि विद्यार्थीहरुका लागि अति आवश्यक छ यसले अनुसन्धान गर्न, अनलाइन जर्नलहरु पत्ता लगाउन, विभिन्न शैक्षिक सफ्टवेयरहरु तयार गर्न, अनलाइन सामाग्रीहरु खोज्न, शिक्षक तथा साथिहरु सँग सजिलो सन्चार गर्न सिकाउछ। अनलाइन बैकिङ, सरकारी सेवा, साथिभाई सँग सम्पर्क गर्न सबैमा डिजिटल सिप चाहिन्छ। आजको सूचना प्रविधिको युगमा डिजिटल साक्षरताको महत्व अझ दिनानु दिन बढ्दै गइरहेको छ। यसले हामिलाइ प्रोग्रामिङ साइबर सुरक्षा, डाटा विश्लेषण लगायत धेरै कुराहरु सिक्न सघाउछ। यस्तै गरी डिजिटल साक्षरताको महत्वलाइ यस प्रकार केही बुदागत रुपमा प्रस्तुत गर्न सकिन्छ।

सुचनामा पहुच : इन्टरनेटको माध्यमबाट विश्वको जुनसुकै कुनाको जानकारी क्षणभरमै प्राप्त गर्न सकिन्छ।

अवसरको सिर्जना : अनलाइन शिक्षा, ई-कमर्स लगायत रोजगारीका ~~खोल्~~ छ। ढोकाहरु खोल्छ। अनलाइनबाट विभिन्न प्रकारका सिप सिक्ने अवसर दिन्छ। त्यस्तै आफ्ना विचारहरु अनलाइन मार्फत ~~गर्न~~ प्रचार प्रसार गर्न सकिन्छ। डिजिटल साक्षरताले विद्यार्थीहरुलाई अनलाइनबाट तथ्याङ्क सङ्कलन विश्लेषण र प्रस्तुती गर्ने अवसर प्रदान गर्दछ। यस्तै गरी यसले क्याम्पस BBS पढि रहेका विद्यार्थीहरुका लागी अनलाइन मार्केटिङ, वित्तिय

विश्लेषण र ई-कमर्स जस्ता क्षेत्रमा ढोका खोल्छ। लगायत धेरै अवसर सिर्जना गर्न मद्दत गर्छ।

कार्यक्षमतामा वृद्धी : सरकारी सेवा (इ-गभर्नेन्स) बैंङकिङ र स्वास्थ्य सेवाहरु डिजिटल हुँदै गएकाले समय र श्रमको बचत गर्नु यसले मद्दत गर्दछ। डिजिटल साक्षरताले प्रभावकारी तरीकाले काम गर्न, नयाँ प्रविधिहरु छिटो सिक्न, अरुसँग राम्ररी सञ्चार गर्न सक्षम बनाइन्छ। विभिन्न औजारहरुको प्रयोग गरेर कार्यलाई छिटो र छरितो बनाउन डिजिटल साक्षरताले सहयोग पुर्याउँछ।

सामाजिक सशक्तिकरण : सिमान्तकृत समुदायलाई आफ्ना आवाजहरु विश्वसामु राख्न डिजिटल प्लेटफर्मको प्रयोग गर्न सक्छन्। जसले गर्दा समाजमा सशक्तिकरणमा सहयोग गर्दछ।

सुचना प्रविधीको विकास र वर्तमान अवस्था

सुचना प्रविधीको विकास यसरी तिव्र रुपमा भयो कि सुचना आदान प्रदान गर्ने माध्यमको रुपमा जन्मिएको यो प्रविधि आज मानव मस्तिष्कको अभिन्न अङ्ग बनेको छ। यसको विकासको गति यति तिव्र छ कि हिजोको ठुला र भारी मेसिनहरु

आज हाम्रो एउटै औंलाको इशारामा चल्ने ससाना ग्याजेट मा अटायकाछन् टेलिफोन टेलीग्राफबाट सुरु भएको यो यात्रा रेडियो टेलिभिजान हुँदै आज इन्टरनेट, AI र क्लाउड कम्प्युटिङ० सम्म आइपुग्दा संसारलाई एउटा सानो गाउँमा खुम्च्याएको छ। आजको विकासले भौतिक दुरिलाइ मात्र मेटायको छैन वरु शिक्षा स्वास्थ्य र अर्थतन्त्रका हरेक क्षेत्रलाइ स्मार्ट वनाएको छ। सूचनाको पहुँच केहि सिमित व्यक्तिको हातमा मात्र नभएर यो हरेक व्यक्तिको नैसर्गिक अधिकार वनेको छ। तर धेरै मानिसहरु मनोरञ्जनका लागी मात्र इन्टरनेटको प्रयोग गर्दछन् जवकी यसलाई उत्पादन कार्यमा लगाउन डिजिटल साक्षरताको अभाव छ। आज हामि AI, विग डाटा जस्ता जटिल प्रविधीको ढोकामा आइपुगेका छौ तर यसलाइ बुझ्न प्राथमिक स्तरको ज्ञान प्रर्याप्त छैन।

आधुनिक समयमा प्रविधि केवल सुविधामा सिमित छैन यो त शक्तिको नयाँ केन्द्र वनेको छ। हिजोका दिनमा सूचना पाउन महिनौ ~~कुनु पर्ने~~ कुर्नु पर्ने अवस्था थियो भने आज संसारको जुनसुकै कुनाको जानकारी एक क्लिकमा हाम्रो हातमा आइपुग्छ। तर यो विकास सँगै एउटा नयाँ र अदृश्य जोखिम पनि भित्रियको छ। प्रविधि जति उत्कृष्ट हुँदै गएको छ मानिस त्यति नै यसमा निर्भर हुँदै गएको छ। अहिलेको विकासले मानिसलाइ शारिरिक रुपमा टाढा भएपनि डिजिटल रुपमा

नयाँ त बनायो तर सँगै यसले साइबर सुरक्षा र डाटा गोपनियता जस्ता गम्भीर प्रश्नहरु पनि खडा गरिदिएकोछ।

डिजिटल साक्षरताका मुख्य स्तम्भहरु
डिजिटल रुपमा साक्षर हुनका लागि केही मुख्य पक्षहरुलाई ध्यान दिनु जरुरी छ जस्तै

प्राविधिक कुशलता : उपकरणहरु (स्मार्टफोन, ल्यापटप,) र सफ्टवेयरहरु सहि रुपमा चलाउन जान्नु

सूचनाको खोजी र मूल्याङ्कन : आफ्ना व्यक्तिगत विवरणहरु (Password, OTP) सुरक्षित राख्नु साइबर बुलिङबाट बच्नु र फिसिङ जस्ता अनलाइन ठगिहरु बाट सतर्क रहनु डिजिटल साक्षरताको सबैभन्दा महत्वपूर्ण पक्ष हो।

डिजिटल शिष्टाचार : अनलाइन माध्यममा अरुसँग कुराकानि गर्दा मर्यादित भाषाको प्रयोग गर्नु र अरुको गोपनियता को सम्मान गर्नु

आलोचनात्मक सिप : इन्टरनेटमा देखिएका सबै कुरा साचो हुदैनन् भन्ने बुझ्नु र तथ्य जाच गर्नु

चुनौती र समस्याहरु

सूचनाप्रविधिको युग वरदान भएता पनि डिजिटल साक्षरताको अभावमा यसले गम्भिर समस्याहरु पनि निम्त्याएको छ। डिजिटल साक्षरताको कमिले गर्दा मानिसहरुमा सजिलै अनलाइन ठगी, अकाउन्ट ह्याकिङ र चरित्र हत्या जस्ता अपराधहरुको सिकार भइरहेका छन्। आजको समयमा डिजिटल साक्षरता केवल मोबाइल वा इन्टरनेट चलाउन जान्नु मात्र होइन आफूले प्रयोग गर्ने एप र सफ्टवेयरले कसरी हाम्रो व्यक्तिगत गोपनियता र देशको सुरक्षामाथि पहुँच बनाइरहेका छन् भन्ने बुझ्नु हो। हामिले अनजानमा दिने लोकेसनले हाम्रो दैनिक जिवनको नक्सा विदेशी सर्भर सम्म पुर्‍याइरहेका हुन्छन्। जसलाई शत्रु शक्तिले रणनितिक हतियारको रुपमा प्रयोग गर्न सक्छन्। प्रविधीमाथिको पूर्ण निर्भरता र विदेशी उपकरणहरुको प्रयोगले अर्को गम्भीर समस्या निम्त्याएको छ। हामिले प्रयोग गर्ने हार्डवेयर र सफ्टवेयरको सप्लाइ चेनमै जासुसी चेन र जासुसी चिप वा मालवेयर जडान गरिएको हुन सक्छ, जसलाई सामान्य प्रविधि भाइरसले पनि पत्ता लगाउन सक्दैनन्।

भेनेजुएला र लेबनानमा भएका पछिल्ला घटनाहरुले के पुष्टि गर्छन भने, डिजिटल माध्यमबाट कुनै पनि देशको विद्युत, सञ्चार र सुरक्षा संयन्त्रलाई घरमै बसेर ध्वस्त पार्न सकिन्छ। नेपाल जस्तो

मुलुकका लागि, जहाँ डिजिटल सुरक्षाभन्दा बढी पशुपतिनाथको भरोसामा विश्वास गरिन्छ, त्यहाँ 2FA को महत्त्व र सार्वजनिक वाईफाईका जोखिमहरु बारे चेतना नहुनु ठूलो कमजोरी हो।
प्रविधिकालतर स्वास्थ्य समस्या: प्रविधीको अत्याधिक र गलत प्रयोगले मानसिक तनाव र सामाजिक समस्या बढायको छ। ~~प्रविधि~~ प्रविधि बुझ्दै नबुझी अँगाल्नुले हामिलाइ प्रविधिको मालिक होइन दास बनायको छ। जुन आधुनिक युगको सर्वभन्दा जटिल सुरक्षा चुनौति हो।
नेपालको सन्दर्भमा डिजिटल साक्षरताको केही प्रयोग र चुनौतिहरुलाइ निम्न केही प्रमुख उदाहरणबाट प्रष्ट पार्न सकिन्छ।
Tiktok Band:
नेपाल सरकारले केही समय अगाडी सामाजिक सद्भाव बिथोलेको भन्दै Tiktok मा प्रतिबन्ध लगायो। यो घटनाले के देखाउछ भने जब ठूलो जमातमा डिजिटल साक्षरता र उत्तरदायित्वको कम हुन्छ तब राज्यले नियन्त्रणकारी कदम चाल्नु पर्ने अवस्था आउछ, यदि प्रयोगकर्तामा के पोस्ट गर्ने र के नगर्ने भन्ने ~~हुँदैन~~ ज्ञान भएको भए यो कठोर निर्णयको आवश्यकता पर्ने थिएन।

फेसबुक र सामाजिक सञ्जालको नियमन

फेसबुक जस्ता सामाजिक सञ्जालमा हुने गाली गलौज चरित्र हत्या र फेक न्युजका कारण कैयौं सामाजिक समस्याहरु देखा परेका छन्। नेपालमा फेसबुक बन्द गर्न खोज्नु वा कडा नियमन ल्याउन खोज्नुको पछाडी प्रयोगकर्तामा ~~डिजिटल~~ डिजिटल चेतनाको अभावनै ~~डिजिटल~~ प्रमुख कारण हो। Password सुरक्षित राख्न नसक्दा id ह्याक हुने र आर्थिक ठगी हुने क्रम बढेको छ यसबाट सुरक्षित रहन डिजिटल साक्षरताको ज्ञान हुनु पर्दछ।

यस्तै गरी डिजिटल साक्षरताको अभावमा आज डीप फेक भिडियो र AI को दुरुपयोग गरी मानिस हरुलाई भ्रमित पारिरहेको छ। सामान्य मानिस हरुले, कुन सामाग्री वास्तविक हो र कुन AI ले बनाएको हो भनेर चिन्न नसक्दा राजनीतिक र सामाजिक खतरा निम्तिने सम्भावना बढेको छ। Tiktok र Facebook मा Viral हुने लोभमा गरिने अमर्यादित क्रियाकलापले नेपाली संस्कार माथि नै प्रश्न उठाएको छ।

Date
Page No.

सूचना प्रविधिको सहायता डिजिटल साक्षरताका फाइदा र बेफाइदाहरू:

डिजिटल साक्षरताका केही मुख्य फाइदाहरू लाई यस प्रकार बुदागत रूपमा प्रस्तुत गर्न सकिन्छ।
सहि जानकारी पहिचान गर्ने क्षमतामा वृद्धि
प्रभावकारी सञ्चार गर्न सहाय
अनलाइन सुरक्षासम्बन्धि ज्ञान बढाउछ,
नयाँ कुरा सिक्न सहज
डिजिटल सामाग्रि बनाउने कौसलताको विकास
अनलाइन माध्यमबाट सहकार्य गर्न सकिने
डिजिटल नागरीकता बारे बुझ्न सहज
विभिन्न डिजिटल उपकरणहरू चलाउन सहाय
आफ्ना विचारहरू डिजिटल रूपमा प्रस्तुत गर्ने क्षमतामा विकास
विश्वभरका घटनाहरू सँग जोडीन ~~माध्यम~~ सजिलो
समस्या समाधान गर्ने सिपमा वृद्धि
अनलाइन वित्तिय कारोबार ~~सजिलो~~ बनाउन सुरक्षित बनाउन सहयोगी
सिर्जनासिलता लाई प्रविधी मार्फत उजागर गर्न सकिने
आत्म विश्वासमा वृद्धि
डिजिटल प्रविधीको नैतिक प्रयोग बारे जानकारी

Date
Page No.

सूचना प्रविधीको बेफाइदाहरु:

कुनै पनि प्रविधीको फाइदा मात्रै हुदैन ति फाइदा सँग बेफाइदाहरु पनि हुन्छन। ति बेफाइदाहरु यस प्रकार छन।

- गलत जानकारी वा अफवाहको डर;
- अनलाइन ठगीको जोखिम,
- प्रविधिमा धेरै निर्भरता
- साइबर बुलिङ वा अनलाइन उत्पीडनको जोखिम
- अनलाइन ठगीको सम्भावना
- सामाजिक रुपमा एक्लोपनको महसुस
- एकाग्रतामा कमि तथा ध्यान भटकाउने
- निद्रामा गडबडी
- अनावश्यक खर्चमा वृद्धी
- वास्तविक जिवनका अनुभवहरुमा कमि
- गोपनियता भङ्ग हुने खतरा
- डिजिटल लतको समस्या
- गलत तुलनाले मानसिक स्वास्थ्यमा असर
- शारिरिक निष्क्रियतामा वृद्धि
- प्रविधि नहुँदा बेचैनी महसुस
- अनुपयुक्त वा हानिकारक सामाग्रीमा सहज पहुँच
- तीव्र विज्ञापनको अनावश्यक खरिदकालागी दबाब
- सामाजिक संञ्जालमा तुलनाले ईर्ष्या वा हिनताबोध बढ्न सक्ने
- डिजिटल उपकरण विना समय विताउन गाह्रो महसुस
- वास्तविक जिवनका सम्बन्धहरु कमजोर बन्न सक्ने

आदि बेफाइदाहरु रहेकाछन।

सूचना प्रविधिको युगमा डिजिटल साक्षरता: सुधारका उपाय र भविष्यको बाटो

आजको युग सूचना प्रविधिको युग हो। हामिले बोक्ने मोबाइल फोनदेखी चलाउने सामाजिक सन्जाल सम्म सबै यस डिजिटल महायुद्धका हिस्सा हुन। डिजिटल साक्षरताका फाइदा, बेफाइदा महत्व, आवश्यकता, डिजिटलयुद्द साइबर सुरक्षा र प्रविधीको दुरुपयोगका आधारमा सुधारका उपाय र भविष्यको बाटोलाइ यस प्रकार प्रस्तुत गर्न सकिन्छ।

सुधारका उपायहरु

~~डिज~~ डिजिटल युगका जोखिमहरुलाइ कम गर्न व्यक्तिगत र सरकारी दुवै स्तरका सुधारका कदमहरु चाल्नु आवश्यक छ। व्यक्तिगत रुपमा हामिले आफ्ना डिजिटल खाताहरुमा बलियो Password र टु-फ्याक्टर अथेन्टिकेसन अनिवार्य रुपमा लागु गर्नु पर्छ। मोबाइल एपहरु प्रयोग गर्दा लोकेसन, क्यामेरा र कन्ट्याक्ट को पहुच दिदा अत्यन्तै सावधानि अपनाउनु पर्छ। सामाजिक ~~सन्जाल~~ सन्जालमा देखिने सामाग्रीहरुको सत्यता जाँच नगरी विश्वास गर्ने वा सेयर गर्ने बानिमा सुधार ल्याउनु पर्छ। त्यस्तै, सार्वजनिक वाईफाई वा चार्जिङ पोर्टहरु प्रयोग गर्दा डाटा चोरी हुने खतरा रहने हुँदा

सकभर आफ्नै उपकरण र सुरक्षित नेटवर्कमात्र प्रयोग गर्नुपर्छ। प्रविधिको लतबाट बच्न 'स्क्रिन टाइम' व्यवस्थापन गर्ने र प्रविधिलाइ उत्पादनमूलक कार्यमा मात्र प्रयोग गर्ने बानि बसाल्नुपर्छ। सरकारी स्तरबाट पनि बाहिरबाट आयात गरिने सफ्टवेयर र हार्डवेयरको सुरक्षा परिक्षण गर्ने प्रभावकारी संयन्त्र निर्माण गरिनु पर्छ, ताकि भविष्यमा भेनेजुएला वा लेबनानमा जस्तो प्राविधिक आक्रमणको सामना गर्नु नपरोस।

भविष्यको बाटो

भविष्यको बाटो प्रविधिसँग डराएर भाग्ने होइन, बरु यसलाइ अझ सुरक्षित र व्यवस्थित बनाउँदै अगाडी बढ्ने हुनुपर्छ। आगामी दिनमा एआई (AI) र अत्याधुनिक डिजिटल उपकरणहरुको प्रभाव अझै बढ्ने हुनाले तिनको सामना गर्न सक्ने दक्ष प्राविधिक जनशक्ति तयार पार्नु राज्यको प्राथमिकता हुनुपर्छ। डिजिटल साक्षरतालाइ केवल मोबाइल चलाउनु मात्र नभई 'डिजिटल नागरिकता'को रुपमा विद्यालयको पाठ्यक्रममै समावेश गरिनुपर्छ। यसले सानै उमेर देखी बालबालिकाहरुलाई साइबर सुरक्षा, गोपनियताको हक र अनलाइन शिष्टाचार बारे जिम्मेबार बनाउनेछ।

यसका साथै राष्ट्रिय सुरक्षाका दृष्टिकोणले संवेदनशिल मानिने क्षेत्रहरुमा विदेशी सफ्टवेयरमा मात्र भर नपरी आफ्नै मौलिक 'डिजिटल इकोसिस्टम' र राष्ट्रिय डाटा सेन्टर सर्भरको विकासमा लगानि -

बढाउनु पर्छ। भविष्यको युद्ध (बन्दुकको, ~~भन्दा~~, बम वारुदले भन्दा बढि कोड र डाटाले लडिने भएकाले साइबर प्रतिरक्षा प्रणाली (Cyber Defense system) लाई मजबुत बनाउनु अनिवार्य छ। नेपाल जस्तो राष्ट्रले विस्तारै आफ्नै सुरक्षित पूर्वाधारहरूको विकासमा जोड दिएर वैदेशिक निर्भरता कम गर्नु पर्छ। भविष्यमा अबको बाटो भनेको प्रविधिलाई नियन्त्रण गर्ने मात्र नभई, प्रविधिसँग सहअस्तित्व कायम गर्दै यसलाई मानवीय हित र राष्ट्रिय अखण्डताको रक्षाका लागि प्रयोग गर्नु पर्छ।

भविष्यमा आउन सक्ने 'क्वान्टम कम्प्युटिङ' र 'ब्लकचेन' जस्ता नवीनतम प्रविधिहरूले ल्याउने परिवर्तनका लागि हामी मानसिक र प्राविधिक रूपमा तयार रहनु पर्छ। सूचना प्रविधिको पहुँचलाई गाउँ-गाउँसम्म पुर्‍याएर डिजिटल खाडल पुर्दै प्रत्येक नागरिकलाई प्रविधि मैत्री बनाउनु नै समृद्धीको मार्गचित्र हुनेछ। भविष्यमा साइबर अपराध, डिजिटल वित्तिय ठगी र मनोवैज्ञानिक युद्धलाई रोक्न कडा कानुनी प्रावधान र प्रविधियुक्त अनुगमन प्रणालीको विकास गर्नु अपरिहार्य छ। हामीले प्रविधिलाई यसरी अंगाल्नुपर्छ कि यसले हाम्रो स्वतन्त्रता र सुरक्षामा आँच नपुर्‍याई आर्थिक र सामाजिक समृद्धिमा टेवा पुर्‍याओस्। आदी ~~भविष्यको बाटो~~

निष्कर्ष

सूचना प्रविधि आजको मानव सभ्यताकालागि एउटा वरदान साबित भएको छ, जसले संसारलाई एउटा सानो डिजिटल गाउँमा रुपान्तरण गरिदिएको छ। तर प्रविधिको यो तिब्र तिव्र विकाससँगै झुट्टा सूचना, साइबर अपराध, र गोपनियता माथिको खतरा जस्ता जटिल समस्याहरु ~~पनि छन्~~ चुनौतीहरु पनि थपिएका छन्। प्रविधि आफैमा खराब होइन तर यसको सहि प्रयोग गर्न नजान्नु नै आजको मुख्य समस्या हो। लेबनान र भेनेजुयलाका उदाहरणहरुले प्रष्ट पारेका छन् कि डिजिटल सुरक्षामा सानो कमजोरी मात्र रहँदा पनि त्यसले राष्ट्रिय सुरक्षा र व्यक्तिगत जिवनमा अपूरणीय क्षति पुर्याउन सक्छ। त्यसैले भविष्यको सुरक्षित बाटो तय गर्न 'डिजिटल साक्षरता' अब एउटा विकल्प मात्र नभइ अनिवार्य आवश्यकता बनेको छ। हामि प्रविधिको दास बन्ने कि मालिक भन्ने कुरा हाम्रो सचेतना र विवेकमा भर पर्छ। व्यक्तिगत रुपमा दुई-चरणीय प्रमाणीकरण (2FA) जस्ता सुरक्षा उपायहरु अपनाउनु, सामाजिक सञ्जालको मर्यादित प्रयोग गर्नु र राष्ट्रिय ~~[illegible]~~ स्तरमा बलियो साइबर प्रतिरक्षा प्रणालीको विकास गर्नु नै अबको मुख्य मागयिग हुनुपर्छ। त्यसैले प्रविधीको अन्धाधुन्द प्रयोग भन्दा पनि यसको नैतिक र सचेत प्रयोगले मात्र हामिलाइ आधुनिक युगको सफल र सुरक्षित 'डिजिटल नागरीक'

बनाउन सक्छ।" सचेतना नै प्रविधिमाथिको अन्तिम र सबैभन्दा बलियो कवच हो।"

यस निबन्धमा जम्मा शब्द सङ्ख्या: